हाम्रोमत

# सम्पादकीय

## कुलमान 'कमब्याक' को सार्थकता

*नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकको रुपमा कुलमान घिसिङको 'कमब्याक' ले जनस्तरमै उत्साह पैदा गरेको छ। सामाजिक सञ्जालमा पोखिएको जनताको खुसी कुलमानले विगतमा गरेको राम्रो कामप्रतिको सम्मान हो। त्यसैले सरकारको यो निर्णयलाई जनताले अघिल्लो सरकारले गरेको गलत कदम सच्याएको अर्थमा बुझेका छन्। जब कुलमान प्राधिकरणबाट हटे, त्यहाँदेखि प्राधिकरणको ओरालो यात्रा फेरि सुरु भएको तथ्यहरुले नै देखाएका थिए। विद्युत आपूर्ति अनियमित हुन थालिसकेको छ। यसर्थ पनि कुलमानलाई प्राधिकरणमा ल्याउनुपर्ने माग उच्च भएको थियो। सही मान्छेलाई सही जिम्मेवारी प्रदान गर्ने निर्णय गरेर सरकारले पनि जनअपेक्षा बमोजिमको निर्णय लिएको छ।*

*सरकारले गरेको निर्णय सही ठहर गरिरहँदा उसले भुल्नै नहुने केही तथ्य पनि छन्, जसलाई उसले नजरअन्दाज गर्नै पाउँदैन। विद्युत प्राधिकरणमा कुलमान जिम्मेवारीमा हुन्जेल राम्रो परिणाम आउने तर, उनी हट्ने बित्तिकै प्राधिकरण घाटामा जाने, चुहावट बढ्ने, विद्युत अनियमित हुने अवस्था आइलागेको तथ्य छिपेको छैन। यसको कारण खोजी सरकारले गर्नुपर्नेछ। नेतृत्वमा रहेको एक जना व्यक्ति इमान्दार बन्दा राम्रो परिणाम आउने प्रमाण प्राधिकरणले विगतमै पेश गरेको थियो। प्राधिकरणमा सधैं एक जना व्यक्ति खोजिरहनुपर्ने अवस्थाको अन्त्य थिति बसाएर गर्ने कि व्यक्ति खोजेर भन्ने बहस पनि चुलिएको छ। निश्चय नै व्यक्तिभन्दा थिति महत्वपूर्ण हो। यसर्थ सरकारले प्राधिकरणसहित सबै संस्थाहरुलाई 'सिस्टम' मा चलाउने गरी रुपान्तरण गर्न आवश्यक छ।*

*दोस्रोपटक उहि जिममेवारीमा आएका कुलमानका अघि पनि अब चुनौती छ, अघिल्लो कार्यकालको जस्तै सफलता दोहोर्‍याउने र प्राधिकरणलाई व्यक्तिभन्दा पनि 'सिस्टम' का भरमा अघि बढ्न प्रेरित गर्ने। यी चुनौती सामना गर्न उनी सक्षम बने भने प्राधिकरणमा भएको उनको कमब्याकको औचित्य पुष्टि हुनेछ। यसअघि २०७३ भदौ २९ को मन्त्रिपरिषद् निर्णयबाट प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्त घिसिङलाई लोडसेडिङ अन्त्य गरेको र वर्षौंदेखि घाटामा गएको संस्थालाई नाफामा लगेको श्रेय जान्छ।*

*देशमा दैनिक १८ घण्टासम्म लोडसेडिङ भइरहेको अवस्थामा कार्यकारी निर्देशकमा नियुक्त भएका घिसिङले आफ्नो कार्यकालको पहिलो वर्षमै उपत्यकामा लोडसेडिङ अन्त्यको व्यवस्थापन गरेका थिए। २०७५ वैशाखदेखि देश नै लोडसेडिङमुक्त भएको घोषणा गरिएको थियो। घिसिङ नियुक्त हुँदा प्राधिकरणको सञ्चिति घाटा करिब ३५ अर्ब रुपैयाँ थियो। घिसिङको कार्यकालको अन्तिम वर्षमा प्राधिकरणको मुनाफा करिब १२ अर्ब पुगेको थियो। र प्राधिकरण सबैभन्दा बढी नाफा कमाउने सरकारी संस्थान बनेको थियो। घिसिङलाई फेरि जिम्मेवारी दिने सरकारी निर्णयको सर्वत्र स्वागत हुनुपछिको मुख्य कारण उनको स्मरणयोग्य काम नै हो।*

## शेयर बजारमा झिनो वृद्धि

विराटनगर, २७ साउन (हाम्रो मत)- नेप्से सूचक झिनो अंकले घटेपनि बुधबारको शेयर बजारमा १५ अर्ब ४५ करोड रुपैयाँभन्दा बढीको सेयर कारोबार भएको छ। कारोबार रकममा निरन्तर तेजी आइरहेकाले बजारमा पर्याप्त मात्रामा क्रेता र बिक्रेता देखिएका छन्।

हाइड्रोपावर समूहमा तेजी आउने क्रम बुधबार पनि जारी छ। केही समययता हाइड्रोपावर कम्पनीहरुमा चमक आइरहेको छ। यसैगरी, होटेल तथा पर्यटन समूहमा पनि यस दिन उत्साह देखिएको छ। बुधबार नेप्से सूचक ०.९४ अंकले बढेर ३१६२.५९ विन्दुमा अडिएको छ। यस दिन २३० कम्पनीको २ करोड ७२ लाख ९८ हजारभन्दा बढी कित्ता सेयर खरिदबिक्री भएको छ।

हाइड्रोपावर कम्पनीहरुहरुको यस दिन उच्च कारोबार भएको छ। ६८ करोड रुपैयाँभन्दा बढीसहित खरिदबिक्री रकममा अपर तामाकोशी अग्रस्थानमा रहेको छ। यसैगरी, दोस्रो र तेस्रो स्थानमा क्रमशः अरुण भ्याली र अरुण काबेली हाइड्रोपावर परेका छन्। साउन १४ गते सूचीकृत भएर कारोबार सुरु भएको जीवन विकास लघुवित्तको सेयर मूल्य पहिलो दिनदेखि नै लगातार सर्किट ब्रेकर हान्दै १० दिनमा प्रतिकित्ता २२०५ रुपैयाँ पुगेको छ। फाइनान्स, जलविद्युत, लघुवित्त, बीमा, बैंक सबैका कम्पनीहरुको मूल्यबृद्धि भएको छ।

विद्युत प्राधिकरणमा कुलमान घिसिङको नियुक्तिको प्रभाव माथिल्लो तामाकोशीको मूल्य र कारोबारमा पनि देखिएको छ। यसको मूल्य प्रतिकित्ता २९ रुपैयाँले बढेर ९०४ रुपैयाँ पुगेको छ। बुधबार हाइड्रोपावर समूहमा करिब ४ प्रतिशतले बढेको छ भने होटेल तथा पर्यटन समूह, माइक्रो फाइनान्स,जीवन बिमा, निर्जीवन बिमा समूहको सूचकमा लगानीकर्ताको आकर्षण बढेको छ। सबैभन्दा धेरै बढ्ने कम्पनीमा आइसिएफसी कम्पनी, रिडी हाइड्रोपावर, रुरु जलविद्युत कम्पनी, जीवन विकास लघुवित्त, युनियन लाइफ इस्योरेन्स, एनआरएन इन्फाइष्ट्रुचर बैंक कम्पनीको सेयर १० प्रतिशतले सकारात्मक सर्किट मूल्यमा कारोबार भएको छ। जानकी फाइनान्सको ७ प्रतिशतले मूल्य घटेको छ भने हाइड्रो इलेक्ट्रिक, सिटी हाइड्रो, गोर्खाज फाइनान्स, वेस्ट फाइनान्स, एक्सेल डेभलपमेन्ट बैंकका लगानीकर्ताले गुमाएका छन्।

# पत्रकारितामा संघीयता र समावेशीताको प्रश्न



■ विमल लामिछाने




पत्रकारिताको क्षेत्रमा पछिल्लो समय जोडतोडले उठिरहेको विषय स्वतन्त्र र निष्पक्ष पत्रकारिताको हो। सामान्यतया भन्ने गरिन्छ कि साहित्य, भाषा, सूचना वा पत्रकारिता स्वतन्त्रताका बिम्ब भएकोले त्यसमा राजनीतिक आस्थाको प्रतिविम्ब देखिनु हुँदैन। अझ भनौ यी विषयमा राजनैतिक तटस्थता अनिवार्य हुन्छ। हामीले देखिरहेका छौ, स्वतन्त्र र निष्पक्ष पत्रकारिता निर्माणको लागि समेत धेरै लेखकहरूले मसी खर्च गरिरहेका छन्।

समाजको गतिविधि, राजनैतिक आस्था र सार्वजनिक सूचनालाई हेर्ने फरक-फरक दृष्टिकोण र मतहरू भएपनि स्वाभाविक रुपमा स्वतन्त्र पत्रकारितको अर्थ पत्रकार र सञ्चारकर्मीले आफ्ना मत वा धारणा नदिनु भन्ने हुन्छ। तर, व्यवहारतः यसमा विरोधाभास देखिन्छ। त्यो पक्षबारे पत्रकारहरूको ध्यान खासै पुगेको देखिदैन। पत्रकार, सम्पादक, सञ्चारकर्मी आफैंमा अमूर्त र निर्विवेकी वस्तु होइन। उ यही समाजको अंग हो, सचेत उत्पादन हो। उसँग सामाजिक चेतना हुन्छ, मानवीय समवेदना हुन्छ, उसका व्यक्तिगत विचार र दृष्टिकोण हुन्छन्। सत्य र असत्य छुट्याउने, विश्लेषण गर्ने खुबी हुन्छ। त्यसैले सम्पादकीय लेखेर भएपनि उसले आफ्नो मत वा निर्णय सम्प्रेषण नगरीरहन सक्दैन। त्यसैले स्वतन्त्र र निष्पक्ष पत्रकारिताका तर्कहरू सामान्यतया अत्यन्त हाँस्यास्पद र अनुपयुक्त छन्।

**प्रतिष्पर्धाका नाममा हतारोको प्रथा**

मुलुकको चौतर्फी विकास चाहे आर्थिक होस्, चाहे सामाजिक, भैतिक, राजनीतिक समग्र विकासमा पत्रकारिता पेशा अंगाल्ने पत्रकार वा सञ्चारकर्मीहरूले अग्रणी भूमिका खेलेको हुन्छ। सदैब सञ्चारकर्मी घटना वा समाचारको नजिक पुगेर खबर सम्प्रेषण गर्नुपर्दछ। कुनै ब्यक्ति, समूह, दलको पक्षपोषण नहुनेगरी सत्यलाई अँगालेर खबर सम्प्रेषण गर्नुपर्दछ। तब मात्र पाठक, दर्शक र श्रोतालगायतले निष्पक्षता, विश्वासनीयता र सत्यताको अनुभूति गर्न सक्दछ।

पत्रकारले सधैँ तथ्यको नजिक पुग्न प्रयास गरेको हुन्छ। घटना वा विषयवस्तुको सबैभन्दा नजिक कसरी पुग्ने ? सत्य र निष्पक्ष समाचार कसरी सम्प्रेषण गर्ने ? पत्रकारको ध्याउन्न त्यतातिर हुनुपर्ने हो। त्यसैगरि मुलुकमा भइरहेका विद्यमान विकृति र विसंगतिको खवरदारी गर्नु र विकृति विसंगति वा राम्रा कुरा बाहिर ल्याउनु नै पत्रकारको कर्तब्य पनि हो। तर, हामीकहाँ अस्वस्थ प्रतिष्पर्धाको ट्रेनले घर गरिसकेको छ। यसमा ठूला भनिएका मिडिया पनि अछुतो छैनन्। प्रतिष्पर्धा त स्वस्थ र तथ्यमा आधारित हुनुपर्ने हो। तर, घटना घट्नु अगावै हामीलाई समाचार लेख्ने होडबाजी हुन्छ। विशेषतः यो होडबाजी रेडियो र टेलिभिजनमा बढी लागू हुन्छ। पछिल्लो समय अनलाइनहरुले यो प्रथालाई टपक्क टिप्न थालेको पाउन सकिन्छ। जुन कुरा चाँडो दिएर श्रोता, दर्शक र पाठकलाई फाइदा हुँदैन भने किन हतारो गर्ने ? यो हतारोको प्रथा अन्त्य गरौं, तथ्य र निष्पक्ष सूचनाको बाटो रोजौं।

**मिसन पत्रकारिता नै किन?**

हामीले किन पत्रकारिता गर्ने, हाम्रो मिसन के हो भन्ने विषयमा प्रष्ट हुनैपर्छ। समाज वर्गीय छ, वर्गीय समाजमा मान्छेको चरित्र पनि वर्गीय नै हुन्छ। अनि वर्गीय समाजमा पत्रकारितको स्वरुप र शैली पनि स्वभावैले वर्गीय नै हुन्छ। समाजको चरित्र अनुसार पत्रकारिताको पनि चरित्र निर्धारित भइरहेको हुन्छ। समाजमा रहेका वर्गहरूको प्रतिनिधित्व स्वाभाविक रूपमा पत्रकारितामा नपर्ने भन्ने कुरैहुँदैन। हामीले इतिहासमा देखेका छौँ बूर्जुवा समाजमा पत्रकारिता बूर्जुवा चरित्रको र कस्मेटिक हुने गरेको छ। समाजवादी समाजमा पत्रकारिताको चरित्र पनि क्रान्तिकारी हुन्छ र परिर्वतनको संवाहक नै हुने गर्दछ। यसको अर्थ पत्रकारिता स्वतन्त्र हुँदैन भन्ने चाहीँ होइन, के मिसन पूरा गर्न पत्रकारिता गरिँदैछ त्यो महत्वपूर्ण हो।

वर्गीय परिर्वतनका निम्ति गरिने पत्रकारिता मिसन पत्रकारिता हुन्छ। स्वतन्त्रताका नाममा गरिने पत्रकारिता भनेको केवल सतही समाचार बेचेर जीविका चलाउने किसिमको मात्रै अहिले भइरहेको छ। अब स्वतन्त्रका नाममा जीविका निर्वाह गर्ने प्रक्रियाबाट पनि होइन, हरेक वस्तुको घनिभूत अध्ययन गर्ने आदि, मध्य र अन्त्यको वृत्तश्रृंखलाको खाका तयार गर्ने र आमूल परिवर्तनका लागि जनताको बिचमा पुग्ने अनि समाज परिवर्तनको चित्र बोक्ने पत्रकारिता आवश्यक छ। नयाँ प्रविधिले सृजना गरेको आजको विशेष अवस्थामा परम्परागत सञ्चार माध्यमले मिसन बिर्सियो भने यसको अस्तित्व रहन्न। तसर्थ बृहत प्रजातान्त्रिक मूल्य-मान्यता, मानवीय हित र स्वतन्त्रताका पक्षमा मिसन पत्रकारिता गरिनुपर्छ। तर, निहित स्वार्थका लागि वा व्यापारिक हितमा गरिने पत्रकारिता सही हुँदैन, यसलाई स्वीकार गर्न सकिन्न।

**सञ्चार क्षेत्रमा नआएको संघीयता**

पत्रकार पनि यो देशका नागरिक नै हुन्। समग्रमा आम नागरिकले संघीयतामार्फत पाईरहेको सेवा सुविधा त पाईरहेका होलान्। तर, जसरी सञ्चार क्षेत्रको विकास र समृद्धिको लागि संघीयता कार्यान्वयनको अभ्यास हुनुपर्ने हो, त्यसरी हुन सकिरहेको छैन। जसरी सिंहदरबारको अधिकार गाउँमा आएको नेताहरुले भाषण गरिरहँदा एउटा पत्रकार आफ्नो नयाँ परिचयपत्र बनाउन उहि पुरानै सिंहदरबारको अधिकार रहेको काठमाडौंमा एक महिनाको सिंगै तलव माया मारेर नै जानुपर्छ। एउटा अनलाईन दर्ता र नविकरण गर्न काठमाडौं नै पुग्नुपर्छ। पत्रकारको परिचयपत्र दिने र अनलाईन दर्ता गर्ने सूचना तथा प्रसारण विभाग काठमाडौंमा मात्रै सीमित छ।

नेपालमा संघीय शासन प्रणाली नहुँदा बरु क्षेत्र स्तरबाट उक्त सेवा दिँदै आएको विभागले संघीयता आएपछि झन अचम्मको कुरा क्षेत्रीय स्तरको कार्यालय नै खारेज गरेर केन्द्रमा मात्र सिमित गरेको छ। त्यसबाहेक अन्य सम्पूर्ण सेवाहरुको लागि केन्दीय कार्यालयमा नै भर पर्नुपर्ने अवस्था छ। त्यस्तै पत्रकारहरुको अदालतको रुपमा रहेको प्रेस काउन्सिल नेपाल पनि केन्द्रमा मात्र सीमित छ। पत्रकारिता क्षेत्रको आचारसंहिता अनुगमन, पत्रपत्रिका बर्गीकरण, मिडिया विकास कोषको परिचालन र अनलाईन सूचिकरणलगायतका काम गर्ने काउन्सिल हालसम्म स्थानीय स्तरमा त परेको कुरा प्रदेश स्तरमा समेत संरचनाहरु हुन सकेका छैनन्। भएका पनि कार्यकारी छैनन्। जसको अर्थ हुन्छ, सञ्चार क्षेत्रमा संघीयता आएको छैन।

संघीयताको मर्म नै सबै प्रकारका सेवा जनताको घरदैलोमा भन्ने नै हो। हुनत कानुन नभएको भने होइन, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३, दफा ११ मा एकसय वाट क्षमताको एफएम रेडियो दर्ता, नविकरण, नियमन र खारेजीको अधिकार पनि दिएको छ। त्यस्तै स्थानीय तहमा पत्रपत्रिका दर्ताको अधिकार दिएको छ। तर, यसप्रकारका सबै अधिकारहरु अहिले जिल्ला प्रशासन कार्यालय र सूचना तथा सञ्चार प्रविधि मन्त्रालय मार्फत नै हुदै आएको छ।

पत्रकारितामा समावेशिताको प्रश्न

मुलुक संघीय संरचनामा गइसकेको अवस्थामा पत्रकारहरुको साझा संस्था नेपाल पत्रकार महासंघले पनि संरचनात्मक अभ्यास गरिरहेको छ। यसअघि बनेको नेपाल पत्रकार महासंघको संरचनालाई संघीय र समावेशी बनाउने अभ्यास पनि भइसकेको विदित नैछ। समावेशी शब्द यस्तो शब्द हो जुन अहिले आरक्षणको रुपमा प्रभावकारी बन्दै गएको छ। समावेशिता अन्तर्गत महिला, मधेशी, जनजाति, दलित, अपांगता भएका व्यक्ति, अल्पसंख्यक, मुस्लिम, लगायत सबै पर्दछन्। यी समुदायका नागरिकहरुको पहुँच र समान सहभागिताको अवस्था नै समावेशिता हो।

नेपाली पत्रकारितामा पनि समावेशिताको सवाल खुबै उठ्ने गर्दछ। यसलाई आरक्षणको रुपमा अघि बढाइएको छ। नेपाली मिडिया हाउसमा यी समुदायको कतिको सहभागिता छ, कति संख्यामा पत्रकार छन्, उनीहरु कुन स्तरमा काम गर्दछ, कति पारिश्रमिक पाउँछन्, नेतृत्व तथा सम्पादक तहमा कतिको सहभागिता छ ? मिडियामा प्रस्तुत हुने विषयले कति प्रतिशत समावेसिताको स्पेस पाएको छ ? यी सबै प्रश्नहरुको उत्तर खोज्न समावेशिताको जरुरी छ। कहिं कतै सहभागिताको प्रयास गरिएको छ। तर, कुनै न कुनै बाधा व्यवधानको सामना गर्न परिरहेको अवस्था छ। त्यसैले समावेशिताको कुरा जोडदार उठेको पाइन्छ। समावेशिताको नाममा आफू दक्ष नभएको अवस्थामा आरक्षण खोज्यो भने त्यो बेइमानी पनि मानिन्छ। किनकि मिडिया हाउसको विकासका लागि पत्रकारको दक्षता विशेष रुपमा हेर्ने गरिन्छ। दक्षताविनाको समावेशिता र आरक्षण मात्रैलाई स्पेस दिइयो भने अर्थपूर्ण हुदैन, यसतर्फ भने सचेत हुन जरुरी छ।

**संख्यात्मक विकाससँगै दक्षताको खाँचो**

वि.स. १९०८ मा नेपालमा पहिलो पटक तत्कालिन प्रधानमन्त्री जंगबहादुरले बेलायतबाट गिद्धे प्रेस अर्थात हाते प्रेस नेपाल भित्र्याएको इतिहास छ। त्यो इतिहास हेर्ने हो भने डेढ सय वर्षको कालान्तरमा पनि खासै भिन्नता पाइएको छैन भन्दा पनि फरक पर्दैन। समयचक्र अनुसार १९५८ मा गोरखापत्र, २००७ सालमा रेडियो नेपाल र २०४१ मा नेपाल टेलिभिजनले पत्रकारिता क्षेत्रमा ढोका उघारेको देखिन्छ। यो इतिहास केलाउने हो भने पत्रकारिताभित्र मौलाएको मन्द खेतीले खासै उपलब्धी हाँसिल गरेन भन्दा हुन्छ। तर, २०४६ सालको राजनीतिक परिवर्तनबाट केही र नेपाली राजनीतिक परिवर्तनको साध्य बनेको जनयुद्ध र त्यसको बलमा भएको २०६२/६३ को जनआन्दोलनले ल्याएको परिवर्तनपछि भने पत्रकारिता क्षेत्रमा धेरै विकास र सुधार भएको पाइन्छ।

**अब स्वतन्त्रका नाममा जीविका निर्वाह गर्ने प्रक्रियाबाट पनि होइन, हरेक वस्तुको घनिभूत अध्ययन गर्ने आदि, मध्य र अन्त्यको वृत्तश्रृंखलाको खाका तयार गर्ने र आमूल परिवर्तनका लागि जनताको बिचमा पुग्ने अनि समाज परिवर्तनको चित्र बोक्ने पत्रकारिता आवश्यक छ।**

पछिल्लो समय च्याउ जस्तै उम्रने मिडिया हाउसको संरक्षण तथा दिगोपना र त्यसमा काम गर्ने श्रमजिवी पत्रकारको पेशा तथा रोजगारी र दक्षतामाथि बेला-बेलामा उठने प्रश्नले समस्या निम्ताएको देखिन्छ। नेपालमा सूचना प्रविधिको विकास तीब्र गतिमा अघि बढेको छ। अहिले भइरहेको प्रविधिको गुणात्मक विकासले हाम्रो चेतना र त्यसको व्यवहारिक प्रयोगमा पूर्ण परिवर्तन हुँदै गइरहेको छ। भाषा, लेखन वा अधिरचानाका अन्य क्षेत्रहरूको हरेक परिवर्तनले मात्रात्मक प्रभाव पार्दै सुधारकै प्रतिनिधित्व गरेको हुन्छ। तर, तत्काल महसुस गर्न सकिन्न। सामाजिक सञ्जालको प्रयोग, रेडियो, पत्रपत्रिका, टेलिभिजन र अनलाइनजस्ता मिडिया हाउसको विकास भएको छ।

तीब्र रुपमा खुल्ने गरेका सञ्चार माध्यम आफैमा चुनौति पनि देखिन्छ। बडो तामझामका साथ खुलेका मिडियाहरुबीच यात्रामै विश्राम लिएको उदाहरण हामी समक्ष प्रसस्त छन्। त्यसैले मिडियाको विकासलाई रोक्नुभन्दा दिगोपना बनाउनु सरकारको पनि जिम्मेवारी हो। दिनहुँजसो सञ्चारमाध्यम खुल्दै जानु, नयाँ पत्रकारहरुको संख्या बढ्दै जानुले नेपालमा पत्रकारिता झन् अघि बढेको पुष्टि गर्दछ। तर, संख्यात्मक विकासले मात्र पर्याप्त हुँदैन यसका साथै दक्षताको पनि गुणात्मक विकास गर्न जरुरी छ।

bmllamichhane@gmail.com

## केहि महत्वपूर्ण टेलिफोन नम्बरहरु

### एमबुलेन्स सेवा

- मोरङ सहकारी अस्पताल — ५२३२३०, ९८४२२८२७७७
- जिसस मोरङ — ५३६३५३
- निर्माण व्य. संघ — ५२३८३६, ५३०५७२
- नेरेसो रंगेली — ५८००४८
- चेतनशील मित्र परिषद् — ९८४२२६६२३१
- नेपाल दुरसंचार सं.क. संघ — ५३३३३३
- पूर्वाञ्चल नर्सिङ होम — ५२३१५५
- अवधनारायण नर्सिङ होम — ५२२८११
- विराट नर्सिङ होम — ५२७०७१
- पथरी नर्सिङ होम — ५५५३४३
- लायन्स क्लव सेन्ट्रल — ५३७००१
- जीवन वि. स. कर्सिया — ५६५०८८
- शनिश्चरे एम्वुलेन्स सेवा — ५५५१४४
- न्युरो हस्पिटल प्रा.लि. — ४१७४७५, ४१६०२४
- पोखरिया बचत एम्बुलेन्स — ९८४२२७७६६६
- लाइफ गार्ड एम्बुलेन्स सेवा — ९७४२०४२३३३
- ग्रामीण महिला जागरण — ५३१०६५
- च्यारेटी ट्रष्ट धरान — ०२५-५२१६००

### दमकल

- विराटनगर बारूणयन्त्र — ४२००००
- इटहरी बारूणयन्त्र — ५८०१०१
- धरान बारूणयन्त्र — ५२०१९९
- इनरूवा बारूणयन्त्र — ५६०१०१
- दमक बारूणयन्त्र — ०२३-५८०१०१
- भद्रपुर बारूणयन्त्र — ०२३-५२०१०१

### अस्पताल

- कोशी अं. अ. इमरजेन्सी — ५२४२३४
- अवधनारायण नर्सिङ होम — ५२२८११
- विराट नर्सिङ होम — ५२२१४४
- विराट मेडिकल कलेज — ४२१०६३, ४२११८२
- ब्लड बैंक — ५२३३२६
- आँखा अस्पताल — ५२३७०६
- मोरङ सहकारी अस्पताल — ५२३२३०
- सप्तकोशी अस्पताल — ४७२२९५
- न्युरो हस्पिटल प्रा.लि — ४१७४८४, ४१६२६७
- नौलखा डेन्टल केयर — ५२१०८२
- नेपाल क्षयरोग निवारण संस्था — ५२२८२७
- लाइफ गार्ड हस्पिटल — ९७४२०४२३३३

### प्रहरी

- पूर्वाञ्चल क्षे.प्र.का. — ४३५००१
- जिल्ला प्रहरी — ५३०३५८, ५२३९०१, १००
- जिल्ला ट्रा.प्र.का. — ५३५३९९, १९९, ५३५५९९
- नगर प्र.का., विराटनगर — ५२१८५०, ५३०३६७, ११०
- इ.प्र.का.,रानी — ४३५३६४, १०८
- सिआरभी (CRV) — १०९
- इप्र.का.,रंगेली — ९८५२०९०१४४
- इ.प्र.का., उर्लावारी — ५४०००२
- सिमा प्रहरी चौकी रानी — ४३५८४०

### होटल

- होटल स्वागतम — ४७२४५०
- होटल इष्टर्न स्टार — ४७१६२६
- होटल संगम पार्टी प्यालेस — ५३०४०३
- होटल एभरेष्ट ईन — ४७२८४४
- होटल प्यासिफिक — ४७१०३६
- होटल मुन — ९८०२७२७७७७
- सगरमाथा पार्टी प्यालेस — ४७१४९३
- दिव्यरत्न होटल — ९८५२०३३२९६